**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख १७ गते**

सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार वैशाख १७ गतेसम्म २ हजार ७ सय ९५ जनाको पीसिआर नमूना सङ्कलन गरीएकोमा २ हजार ७ सय ९० जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र पाँच जनामा कोरोना सङ्क्रमण देखिएको छ । सङ्क्रमित पाँच जनामध्ये चार जना निको भई घर फर्किएका छन् । पाँच जनाको नमूना परीक्षण रिपोर्ट मात्रै आएन बाँकी रहेको छ । यसैगरी १३ हजार ४ सय ११ जनाको र्‍यापिड डाइग्नोष्टिक टेष्ट ( आरडिटी ) नमूना सङ्कलन गरिएकोमा १३ हजार ४ सय १ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र १० जनाको आरडिटी रिपोर्ट पोजेटिभ आएको छ । आरडिटी रिपोर्ट पोजेटिभ आएका १० जनाको पीसिआर परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार सुदूरपश्चिम प्रदेशमा ३ सय ७७ ओटा क्वारेन्टाइन  स्थानमा ७ हजार ६ सय ८७ बेड सङ्ख्या रहेका छन् । वैशाख १७ गतेसम्म २ सय ५४ महिला र १ हजार ३ सय ८४ जना पुरुष गरी १ हजार ६ सय ३८ जना क्वारेन्टाइनमा बस्दै आएका छन् । सुदूपश्चिम प्रदेशको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा आइसियु बेड संख्या १० ओटा र महाकाली अस्पतालमा चार गरी १४ ओटा रहेका छन् भने सेती प्रादेशिक अस्पतालमा ६ ओटा र महाकाली अस्पतालमा दुई ओटा गरी आठ ओटा भेन्टिलेटर रहेका छन । सुदूरपश्चिम प्रदेशमा १ सय ५४ ओटा आइसोलेसन बेड रहेकोमा वैशाख १७ गतेसम्म तीन जना बिरामीहरु आइसोलेसनमा रहेका छन् भने १ सय १३ जना बिरामी आइसोलेसनबाट डिस्चार्ज भएका छन् ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १७ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार**  भारतक पिथौरागढको मदकोट क्षेत्रमा काम गर्न गएका १६ जना नेपालीले महाकाली नदी पारगरी  नेपाल फर्किनका लागि ४० हजार रुपियाँ खर्च गरेका छन् । महाकालीमा पौडिन नसकेपछि दार्चुला र बैतडीका मजदुरहरुले प्रतिव्यक्ति २ हजार ५ सय रुपियाँ तिरेका छन् ।

तीन दिनदेखि मदकोटबाट भोकभोकै बालुवाकोट पुगी ट्युबमार्फत नेपाल पुऱ्याएकोको प्रतिव्यक्ति २ हजार ५ सय रुपियाँ तिरेको बैतडी डिलाशैनी गाउँपालिका- ३ का कासी बोहराले दुखेसो गर्नुभयो । उहाँले भन्नु भयो - “लकडाउन सुरु भएदेखि काम हुन सकेन् । ठेकेदारले रासन दिएसम्म त्रिपालमै बसेका थियौँ । अहिले रासन पनि नपाइने भएपछि भोकभोकै जंगलको बाटो भएर बालुवाकोट पुगेका हौं ।”

गाउँबस्तीमा पुगिने ठाउँमा दिउँसो रोकियौं । बढि समय राती हिडेर आयौं । भारतका नागरिकलेसमेत नदेखुन भनेर रातीराती हिडेर आएका थियौँ, बोहराले भन्नुभयो । भोकभोकै बस्न नसकिने भएपछि बाध्य भएर फर्किनु परेको हो ।

महाकाली नदी ट्युबमार्फत तर्नका लागि ट्युबचालकलाई २ हजार ५ सय रुपियाँ दिने भनेपछि मात्रै नेपाल भित्रिएबमे लोकेन्द्र भण्डारीले बताउनु भयो ।  भारतमै भोक भोकै बस्नुभन्दा कमाएको पैसा ट्युब चालकलाई दिएर भएपनि नेपाल आउनु परेको रमेश बोहराले बताउनु भयो । ‘गत मङ्सिरमा मदकोटमा सडकको काम गरेबाफत ठेकेदारले पूरै रकम दिएका छैन् । लकडाउनपछि प्रतिव्यक्ति १०

हजार रुपियाँका दरले रकम दिएको हो । त्यो पैसा रासन खरिदमै सकिन लागेपछि विस्कुट खाएर यहाँसम्म आएका हौँ ।' उहाँले भन्नुभयो ।

भारतको मदकोटबाट आउनेमा डिलाशैनी गाउँपालिका - ३ का काशी बोहरा र खेमराज बोहरा दाजुभाई हुन् । दुवै भाई मङ्सिर महिनामा काम गर्न गएका थिए । घरमा आठ जनाको परिवार छ । दुवै जना वर्षमा दुई पटक भारतमा मजदुरी गर्न जान्छौँ, खेमराजले भन्नुभयो, अहिले त ठेकेदारले काम गरेको पैसा पनि दिएको छैन्, गाउँमा गएर खेतीपाती गर्न भनेर आएका हौँ ।

वैशाख १७ गते महाकाली नगरपालिका - ९ दत्तु चुच्चै क्षेत्रबाट नेपाल आउनेमा बैतडी डिलाशैनी गाउँपालिका- ४ का सुरेन्द्र नेगी, अमर नेगी, प्रेम नेगी, पुष्कर विष्ट, डिलौशनी गाउँपालिका- ३ का खेमजराज बोहरा, रमेश बोहरा, इश्वर नेगी, लोकेन्द्र भण्डारी, काशी बोहरा, दलबहादुर भण्डारी, बीरसिह धामी, बलबीर बोहरा, दशरथ बोहरा, डिलाशैनी गाउँपालिका- ७ का विरबहादुर कार्की, पूर्चौडी नगरपालका- १० का कर्णबहादुर विष्ट र दार्चुला नौगाड गाउँपालिका -६ का विरेन्द्र ठगुन्ना रहेका छन् ।

उनीहरुलाई महाकाली नगरपालिकाले निर्माण गरेको महेन्द्र नमूना मावि खलंगाको क्वारेन्टाइनमा स्वास्थ्य चेकजाँच गरी खाना खुवाइएको महाकाली नगरपालिका विपद् शाखा प्रमुख भुवन जोशीले जानकारी दिनुभयो ।

लकडाउन सुरु भएदेखि वैशाख १० गतेसम्म महाकाली नदी तरेर आउनेको सङ्ख्या ७२ पुगेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार  वैशाख १० गते नौ जना, वैशाख १२ गते पाँच जना, वैशाख १३ गते ३४ जना, वैशाख १६ गते आठ जना र वैशाख १७ गते १६ जना महाकाली तरेर नेपाल प्रवेश गरेका छन् । चैत १३ गतेयता वैशाख ९ गते महाकाली नदीमा ट्युब, जाघार, पौडि खेलेर २ सय २१ जना नेपाल आइसकेका छन् ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले पछिल्लो समय दत्तु क्षेत्रका नाका भएर नेपाली धमधाम फर्किरहेको कारण सुरक्षा निकाय प्रमुख लगेर अनुगमन निरीक्षण गरिएको बताउनु भयो । त्यस क्षेत्रमा सुरक्षाको अवस्थाबारे जानकारी लिन अनुगमन गरिएको उहाँको भनाइ छ ।

डोटी जिल्ला जोरायल गाउँपालिका १ का सहदेवबहादुर बोहरा विगत एक महिनादेखि धार्चुलाको बालुवाकोटस्थित क्वारेन्टाइनमा छन् । पिथौरागढको डिडिहाटमा मजदुरी गर्न गएका सहदेवले घर आउन नपाएर शिविरमा कष्टकर जीवन बिताउन बाध्य छन् । एक महिनादेखि भुइमै कोचिएर बसेका सहदेवलाई आफ्नो स्वास्थ्यको भन्दा घरमा पत्नीलाई सुत्केरी व्यथाको पीडाले सताएको छ । 'विषु पर्वको लागि घर पुग्नुहोला भनेर खबर गरेकी थिइन् । विसुमा आएर घरमा पत्नीलाई सघाउने सपना लिएर कामबाट फर्कियौँ तर सरकारले सीमा नाकामा पुगेपछि महाकाली पुलमा ताला लगाई दियो । घरमा पत्नी सुत्केरी हुदैछन् । घरमा स्याहाँर गर्ने कोहि छैनन् ।' सहदेवले फोनमा रुदै भन्नुभयो । पत्नीले तीन / चार दिनदेखि घरमा खाना खाएको छैन् । घरमा छोराछोरी सानै छन् । घरमा पत्नीले बच्चा पाइहाले भने स्याहाँर कसले गरिदिन्छ, उहाँले भन्नुभयो, दुई जीउकी पत्नीलाई असन्चो हुन थालेको छ । अस्पतालसम्म लिने मान्छेसम्म छैनन् । गाउँबाट घर टाढा छ । जङ्गल नजिकै घर छ । आफ्नो समस्याबारे सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्ट, दार्चुलाका प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेललाई समेत जानकारी गराइ सकेको भए पनि सुनुवाई नभएपछि तपाईको नम्बर खोजेर फोन गरे बोहराको भनाइ छ । घरमा आठ वर्ष मुनीका चार छोरी र पत्नी दुई जीउको भएका कराण आफ्नो उद्धारका लागि पहल गरी दिन बोहराले आग्रह गरेका छन् ।

एक महिनादेखि भारतको दार्चुलास्थित क्वारेन्टाइनमा बस्दै आएका मानसिक विरामीको समस्यामा रहेका मालिकार्जुन गाउँपालिका- ८ का ३८ वर्षीय गोपालसिह धामीले नेपाल आउने भन्दै वैशाख १७

गते महाकाली नदीमा हामफालेका छन् । लामो समयदेखि मानसिक बिरामी रहनुभएका धामी भारतमा मजदुरी गर्न गएका थिए । उहाँ यसअघि पनि लामो समयदेखि मानसिक विरामी हुनुहुन्थ्यो । एक महिनादेखि क्वारेन्टाइनमा बसेपछि झन उहाँको मानसिक विग्रिदै गएको हो । नदीमा पौडिन नआएपछि डुबेका धामीलाई भारतका स्थानीय, सुरक्षाकर्मी र शिविरमै रहेका साथीहरुको सहयोगमा उद्धार गरिएको धार्चुलाको मिनी स्टेडियमा रहेका अमृत बोहराले बताउनु भयो । खाना खाएर सबै आराम गरेका थिए, तर त्रिपालमा बस्दै आउनुभएका धामी त्रिपालमा देखिएनन्, उहाँले भन्नुभयो, त्रिपालमा नदेखेपछि खोजी गर्दा महाकाली नदी किनारमा पुगिसकेका रहेछन् । उहाँको मानसिक उपचारको लागि मालिकार्जुन गाउँपालिका र जिल्ला प्रशासन कार्यालयले भारतीय एसडिएम कार्यालयलाईसमेत पत्रचार गरेको थियो । उहाँको यसअघि २ पटक भारतकै बरेली र ललितपुरमा लगेर उपचार गरिएको परिवारले जनाएको छ । धामीको परिवारको आर्थिक अवस्था समेत नाजुक छ ।

अपिहिमाल गाउँपालिका वडा नम्बर ६ मा ३७ परिवारलाई राहत वितरण गरिएको छ । लकडाउनका कारण समस्यामा परेका परिवारलाई वडा कार्यालयले राहत वितरण गरेको हो । वडा अध्यक्ष गामसिह धामीका अनुसार १८ परिवार दलित, दुई परिवार एकल महिला, दुई विधुर र ३३ परिवार विपन्नलाई राहत वितरण गरिएको छ । वडाले ३५ परिवारलाई ३० केजी चामल, दुई लिटर तेल, दुई केजी नुन र चार पिस साबुन वितरण गरेको छ भने दुई परिवारलाई १५ केजी चामल वितरण गरिएको वडा अध्यक्ष धामीले बताउनु भयो ।

शैल्यशिखर नगरपालिका वडा नम्बर ४ का स्थानीयले वडाले राहत वितरणमा विभेद गरेको वैशाख १७ गते ४० / ५० जनाको सङ्ख्यामा आएका स्थानीयहरुले कार्यालयमा धर्ना दिएका छन् । राहत वितरण गर्दा वास्तविक पीडित छुटेको तथा राहत वितरण एक वडाबाट अर्को स्थानीय तहसम्म लगेर नागरिकलाई सास्ती दिएको भन्दै वडा कार्यालयमा तीन घण्टा धर्ना दिएका हुन् । शैल्यशिखर नगरपालिका -४ का स्थानीय डम्मरसिह ठगुन्नाले वडाले राहत वितरण गर्दा गरिब असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई राहत पाउनबाट वञ्चित गरेको आरोप लगाउनु भयो । उहाँले भन्नु भयो -'राहत वितरणमा समस्या देखियो । त्यस कारण वडा कार्यालयमा धर्ना दिनु पर्‍यो । ' वडा कार्यालयमा धर्ना दिदा वडा अध्यक्ष धनीदत्त भट्ट कञ्चनपुर जिल्लामा र वडा सचिव रामसिह बोहरा नगरपालिकामा रहेका कारण कार्यालय सहयोगी अर्जुनदेव भट्टलाई मागपत्र र आफ्नो समस्याबारे स्थानीयले जानकारी गराएको ठगुन्नाको भनाइ छ ।

वडा अध्यक्ष धनीदत्त भट्टलले भने राहत वितरणमा वास्तविक पाउनु पर्ने व्यक्तिको छनौट गरिएको दाबी गर्नुभयो । वडासमितिमा छलफल गरेर वास्तविक गरिब, दलित, असहाय मजदुर परिवार छनौट गरेका छौ, उहाँले भन्नुभयो, राहत वितरणको सूचीमा कहि पनि आफ्नो मान्छे भनेर भनेका छैनौं ।

अपिहिमाल गाउँपालिकाले लकडाउनको समयमा अखाद्य वस्तुको खपत हुँन नदिन बजार अनुगमन गरेको छ । व्यापारीहरुले लकडाउनको मौका छोपी अखाद्य र म्याद नाघेका वस्तुको बिक्री गर्न सक्ने भन्दै बजार अनुगमन गरेको हो । बजार अनुगमनको क्रममा म्याद नाघेका अखाद्य वस्तुलाई नष्ट गरिएको गाउँपालिका प्रवक्ता रविन्द्र बोहराले बताउनु भयो । बजार अनुगमन समितिका संयोजक एवं उपाध्यक्ष उर्मिला बोहराको नेतृत्वमा बजार अनुगमन गरिएको थियो ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** मेलौली नगरपालिकाले कोरोना भाइरस लकडाउन मापदण्ड २०७६ पारित गरेको छ । लकडाउनका कारण असङ्गठित क्षेत्रमा कार्यरत मजदुर तथा असहायहरुलाई हातमुख जोर्न समस्या भएपछि मापदण्ड बनाएर राहत वितरणको तयारी भएको नगरप्रमुख कृष्णसिंह नायकले बताउनु भयो । राहत वितरणका लागि नगरपालिकाले कार्यविधि पनि

बनाएको र सोही कार्यविधिमा टेकेर मापदण्ड बनाएको उहाँले बताउनु भयो । कोरोना भाइरस रोकथाम तथा नियन्त्रण योजना अन्तर्गत लकडाउनको अवधिसम्म समस्यामा परेका नागरिकलाई राहत उपलब्ध गराउनका लागि राहत मापदण्ड बनाइएको नगरप्रमुख नायकको भनाइ छ । असङ्गठित क्षेत्रमा मजदुर तथा असहायहरुलाई लकडाउनको बेला परेको समस्यालाई मध्यनजर गर्दै राहत वितरण गरिने नगरपालिकाले जनाएको छ । राहत सामग्रीमा ३० केजी चामल, तीन केजी दाल, दुई पाकेट नुन, दुई लिटर तेल, दुई केजी चिनी र  चार पिस साबुन वितरण गरिने छ । राहत मापदण्डमै यी कुराहरु उल्लेख गरेर राहत वितरणको तयारी भएको मेलौली नगरपालिकाले जनाएको छ ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** गाडीभाडा तिर्नका लागि पैशा नभएपछि कैलालीका १४ जना मजदुर बाजुराबाट  पैदलै कैलाली जाँन हिडेका छन् । सदरमुकाम मार्तडीमा रहेका विभिन्न विकासे आयोजनामा काम गर्न आएका कैलाली जिल्लाका १४ जना व्यक्ति कैलाली हिडेको बर्दगोरिया गाँउपालिकाका बिरेन्द्र कठायतले बताउनु भयो । आफूहरुसँग गाडीभाडासमते नभएकोले चाउचाउ खाएर भएपनि घर जान थालेको  उहाँले बताउनु भयो । वैशाख १५ गते राति बाजुराबाट कैलालीका लागि हिडेका १४ जना मजदुरहरु वैशाख १७ गते दिउसो अछाम र बाजुराको सिमाना पुगेका छन् । राति १ घण्टा बाटोमा आराम गर्ने गरेका छौ, रात दिन लगाएर हिडिरहेको बिरेन्द्रले वताउनु भयो । बाजुराका प्रमुख जिल्ला अधिकारीलाई पास माग्दा गाडी खोज्नुहोस पास दिन्छु भनेको हो, गाडी रिजर्भ गर्नकालाई पैशा नभएपछि हिडेर कैलाली घर जनु परेको गएको उनीहरुले बताएका छन् । प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले पास बनाइ दिन्छु भनेर भनेको भए पनि उहाँहरुले आफूसँग पैसा नभएको भनेपछि हिडेर कैलाली जानलागेको बताउनु भयो ।
खप्पतड छेडेदह गाँउपालिकामा तयार गरिएको क्वारेन्टाइनमा समान्य मापदण्डसमेत नपुगेको स्थानीयले गुनासो गरेका छन् । खप्तडछेडेदह गाँउपालिका - २ माटेसागुमा रहेको देबस्थलिय माविमा गाउँपालिकाले क्वारेन्टाइन निर्माण गरेको भएपनि त्यहाँ कुनै व्यवस्थापन नभएको क्वारेन्टाइनमा बसेका यज्ञ शाहीले जानकारी दिनुभयो । धनगढीबाट आएका २५ जना वैशाख १४ गतेदेखी सो क्वारेन्टाइनमा राखिएको भएपनि बस्ने र खानेसमेत व्यवस्था नभएको शाहीले बताउनु भयो । क्वारेन्टाइनमा महिला र बालबालिकासमेत रहेको र स्वास्थ्य चेकजाँच बिनानै राखिएको र खानासमेत घरबाटै ल्याएर खानु परेको क्वारेन्टाइनमा बस्दैआएका शाहीको भनाइ छ । वडा अध्यक्ष मिनबहादुर शाहीले भने क्वारेन्टाइन व्यवस्थापन गर्न पहल भइरहेको बताउनु भयो । गाउँपालिकाका अध्यक्ष नरबहादुर रावतले एकैपटक धेरै जना आएकाले गर्दा क्वारेन्टाइन व्यवस्थापन गर्न समस्या भएको बताउँदै छिटोभन्दा छिटो व्यवस्थापन गरिने बताउनु भयो । प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले यससम्बन्धि आफूलाई कुनै जानकारी नभएको र सम्बन्धित गाउँपालिकासँग बुझेर व्यवस्थापन गर्न जानकारी गराउने बताउनु भयो । जिल्लाका नौ ओटा स्थानीय तहमा १८ ओटा क्वारेन्टाइन रहेकोमा हालसम्म २ सय २७ जना क्वारेन्टाइनमा बस्दै आएको जिल्ला स्वास्थ्य कार्यलय, बाजुराले जनाएको छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** लकडाउनका क्रममा रोजगारीका लागि भारतमा अलपत्र परेका व्यक्तिहरुलाई चौरपाटी गाउँपालिकाका अध्यक्षले व्यक्तिगत रुपमा खाद्यन्न राहत वितरण गर्नु भएको छ।  भारतको मुम्बैमा रहेका ५८ जनालाई १ लाख रुपियाँ बराबरको खाद्यन्न व्यक्तिगत रुपमा सहयोग गरिएको गाउँपालिका अध्यक्ष हर्कबहादुर साउँदले जानकारी दिनुभयो । मुम्बैमा रहेका प्रेम खड्का, मानबहादुर साउँद र करन साउँदलाई नगद रुपियाँ पठाएपछि उनीहरुले चामल, दाल, तेल, नुनलगायतका सामग्री खरिद गरेको बताइएको छ । 'मुम्बैमा रहेका दाजुभाइले

अलपत्र पर्‍यौ भनेपछि आफूले व्यक्तिगत रुपमा १ लाख पठाएर खाद्यन्नका लागि सहयोग गरेको गाउँपालिका अध्यक्ष साउँदको भनाइ छ । अलपत्र रहेका व्यक्तिलाई गाउँपालिकाबाट बजेट पठाएर राहत वितरण गर्न कानुनी बाँधा रहेको भन्दै सहयोग जारी रहने बताइएको छ । यसअघि जिल्लाको मेल्लेख गाउँपालिकाले हरियाणामा रहेका नेपाली नागरिकलाई राहत उपलब्ध गराएको थियो भने बान्नीगढी जयगढ गाउँपालिकाले जिल्लाबाहिर रहेका व्यक्तिलाई सहयोग गर्ने जनाएको छ ।

मंगलसेन नगरपालिका-५ मा बसोवास गर्ने २ सय ,५० विपन्न, गरिब र असाहयलाई विभिन्न व्यवसायीको सहयोगमा  वैशाख १७ गते राहतस्वरुप खाद्यान्न वितरण गरिएको छ । मंगलसेन नगरपालिका वाडा नम्बर ५ का तेजप्रसाद ढुङ्गाना, वेदराज ढुङ्गाना, हेमराज ढुङ्गाना, यज्ञराज ढुङ्गाना, लक्षिराम भाट  र विमल भाटको सहयोगमा २० किलो चामल, एक पोका नुन, एक पोका तेल एउटा साबुन वितरण गरिएको वडा अध्यक्ष हरिप्रसाद ढुङ्गानाले जानकारी दिनुभयो । मंगलसेन नगरपालिकाले आफ्नो क्षेत्रभित्रका लक्षितलाई केही दिनमा खाद्यन्न राहत वितरण गर्ने तयारी भइरहेको जनाएको छ ।

जिल्ला समन्वय समिति, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुले वैशाख १७ गते कारोरा भाइरसको रोकथामका लागि जिल्लाको पूर्व तयारीको अवस्थाका बारेमा अनुगमन गर्नु भएको छ । अनुगमनका क्रममा क्वारेन्टाइन, राहत वितरण, स्वास्थ्यकर्मी र सामग्री, नीतिगत निर्णयहरु, लकडाउन पालनाको अवस्थाका बारेमा जानकारी लिइएको नगरपालिकाका सूचना अधिकारी खकेन्द्रबहादुर सोडारीले जानकारी दिनुभयो । अनुगमनका क्रममा कामहरु सन्तोषजनक भएपनि खाद्य बैंक स्थापनालाई जोड दिन सल्लाह दिइएको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिनुभयो । अनुगमन टोलीले बान्नीगढी जयगढ गाउँपालिकामासमेत अनुगमन गरेको थियो ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** दिपायल सिलगढी नगरपालिकाले नगरभित्र रहेका दिर्घरोगीलाई आवश्यक पर्ने औषधि उपलब्ध गराउने भएको छ । लकडाउनपछि दिर्घरोगीहरुबाट लामो समयदेखि सेवन गर्दै आएको औषधि अभाव भएको भन्ने गुनासो आएपछि नगरपालिकाले यस्तो निर्णय गरेको हो । नगरक्षेत्र भित्र उपलब्ध हुन नसकेका औषधि दिर्घरोगीको माग र सूचनाको आधारमा नगरपालिकाले उपलब्ध गराउने नगरपालिकाका स्वास्थ्य शाखा संयोजक गणेश भण्डारीले जानकारी दिनुभयो । आवश्यक औषधि माग गर्न नगरपालिकाले दुई ओटा मोवाईल नम्बर ९८४८४३९८८, ९८४८४३१९८८ मा फोन गर्न समेत सूचना जारी गरेको छ । लकडाउनपछि खाद्यान्नको समस्या भएका ९ सय ४९ विपन्न परिवारलाई नगरपालिकाले खाद्यान्न वितरण गरेको छ । दैनिक ज्यालामजदुरी गरी जीविकोपार्जन गरिरहेका परिवारमा समस्या देखिएपछि नगरभित्रका नौ ओटै वडामा दिपायल सिलगढी नगरपालिकाले राहत वितरण गरेको हो । नगरपालिकाले तीन जनाभन्दा माथिको परिवारलाई प्रतिपरिवार ३० किलो चामल, तीन किलो दाल, दुई किलो नुन, दुई लिटर तेल, दुई किलो चिनी र चार पिस साबुन वितरण गरेको छ । नगरपालिकाले दोस्रो चरणमा पनि राहत वितरण गर्ने जनाएको छ । दोस्रो चरणमा मजदुरीको सिलसिलामा दिपायल सिलगढीमा रहेका र समस्यामा परेका व्यक्तिलाई राहत दिने नगरपालिकाले जनाएको छ ।

लुथरङ्ग  बिश्व फ्रिड्रेसनकोआर्थिक सहयोग र राष्ट्रिय हलियामुक्ती महाँसघ  डडेल्धुरा र उपेक्षित सामाजिक शसक्तिकरण  बिकास मञ्च ,डोटीको  संयुक्त साझेदारीमा जोरायल गाउँपालिका वडा नम्बर २ का  १० परिवारलाई वडा अध्यक्ष मानबहादुर मल्लको अध्यक्षतामा राहत वितरण वितरण गरिएको छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**